# मंगला गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ बाबियाचौर, म्याग्दी, संख्या : १ मिति : २०८३ साल असार १२


## भाग-१

## मंगला गाउँपालिका

## मंगला गाउँपालिकाको आर्थिक ऐन, २०८३

**प्रस्तावना :** मंगला गाउँपालिकको आर्थिक वर्ष २०८३/२०८४ को अर्थ सम्बन्धि प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने र छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७१ वमोजिम मंगला गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस ऐनको नाम " मंगला गाउँपालिकाको आर्थिक ऐन, २०८३" रहेको छ ।

(ख)यो ऐन २०८३ साल श्रावण १ गते देखि मंगला गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

(ग) यस ऐन मा गाँउपालिका भन्नाले “मंगला गाउँपालिका” सम्झनुपर्ने छ।

२. सम्पति कर: गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम सम्पति कर लगाइ असूल उपर गरिनेछ ।सम्पति कर मुल्यांकनको नक्सापास नभएका संरचनाको हकमा लागि संरचनाको विवरण करदाताले उपलब्ध गराएको अनुसुचि १ मोजिमको स्वघोषणा पत्र बमोजिम हुनेछ।

३. भूमि कर (मालपोत): गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइनेछ ।

४. घर/जग्गा वहाल कर: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल उपर गरिनेछ ।

५. व्यवसाय कर: गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।आर्थिक बर्षको अन्त्य भएको मितिले तिन महिनाभित्र तोकिएको दस्तुर तिरी व्यवसाय नविकरण गर्नुपर्नेछ।आर्थिक बर्ष समाप्ति भएको ३ महिना भित्र नविकरण नगर्ने व्यवसायीले नविकरण मिति समाप्त भएको मितिले छ महिनाभित्र तोकिएको दस्तुरको ५०% थप दस्तुर तिरेर नविकरण गर्न सक्नेछन।सो अवधिभित्र पनि नविकरण नगर्ने व्यवसायिले तोकिएको दस्तुरमा सत प्रतिसत शुल्क थप तिरि व्यवसाय नविकरण गर्नुपर्ने छ ।

६. जडिबुटी कवाडि र जीवजन्तु कर: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ती वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकपास, कवाडि माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यावसायीक कारोबार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिनेछ ।

७. विज्ञापन कर: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन अनुसूची (६) बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. मनोरन्जन कर: गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. बहाल बिटौरी शुल्क: गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसल सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. <u>पार्किङ शुल्कः</u> गाउँपालिका क्षेत्रभित्र सवारी साधनलाई पार्किङ गराए वापत अनुसूची (९) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ ।

११. <u>ट्रेकिङ, कोयोकिड, क्यानोइङ्गम बन्जी जम्पिङ्ग जिपफ्लयर र र्‍याफ्टीङ्ग शुल्कः</u> गाउँपालिकाले आफ्नो क्षेत्रणित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्गम बन्जी जम्पिङ्ग जिपफ्लयर र र्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (१०) बमोजिमको शुल्क लागइने र असुल उपर गरिनेछ ।

१२. <u>सेवा शुल्क, दस्तुरः</u> गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहिबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१३. <u>पर्यटन शुल्कः</u> गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. <u>ढुङ्गा गिट्टी, वालुवा,रोडा र ग्राबेल बिक्रि शुल्कः</u> गाउँपालिका ले आफ्नो क्षेत्र भित्रको ढुङ्गा गिट्टी, वालुवा,रोडा र ग्राबेल बिक्रि वातावरणीय तथा पर्यावरणीय पक्षमा प्रतिकुल प्रभाव नहुने गरि अनुसूची (१३) अनुसार गाउँपालिकाले तयार पारेको प्रारम्भीक वातावरणीय परिक्षण प्रतिवेदनका आधारमा प्रदेश कानुन बमोजिमको दरमा हुनेछ । ढुङ्गा गिट्टी, वालुवा,रोडा र ग्राबेल को जरिवाना प्रदेश कानुन बमोजिम हुनेछ। ढुङ्गा गिट्टी, वालुवा,रोडा र ग्राबेल को अबैध उत्खनन तथा ओसारपसार भएको अवस्थामा कुनै सुरक्षा निकायले जफत गरि गाउँ कार्यापालिकाको कार्यालयमा पेश हुन आएमा कानुन बमोजिम भएको जरिवाना रकमको १५% रकम सम्बन्धित सुरक्षा निकायलाई प्रोत्साहन बापत उपलब्ध गराउन सकिने छ ।

१५. <u>रोयल्टी शुल्कः</u> गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका रोयल्टी शुल्क अनुसूची (१४) मा उल्लेखित दरमा शुल्क लगाइने र असुल उपर गरिनेछ ।रोयल्टि शुल्क सम्बन्धी अन्य व्यवस्था प्रदेश र संघीय कानुन बमोजिम हुनेछ।

१६. <u>सवारी साधन करः</u> गाउँपालिकाले आफ्नो क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुचुचि १५ बमोजिमको दरमा कर लगाई असुल गरिनेछ।

१७. <u>कर छुटः</u> यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थालाई कुनै पनि किसिमको कर छुट दिइने छैन तर अनुसूची-११ तोकिएबमोजिम मा निश्चित क्षेत्र वा वर्गमा सिफारिस दस्तुर मिनाहा सम्वन्धी व्यवस्था गरिनेछ ।

१८. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धित कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

१९. बाधा अड्काउ फुकाउ सम्बन्धमा: ऐन बमोजिमको व्यवस्था कार्यान्वयनमा कुनै द्विविधा भएमा बाधा अड्काउ फुकाउको अधिकार राजश्व परामर्श समितको सिफारिसमा कार्यापलिकामा हुनेछ।

अनुसूची-१

ऐनको दफा २ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**ऐकिकृत सम्पति कर (वार्षिक)**

| सि. नं. | विवरण | मूल्य रु. | कै. |
|---|---|---|---|
| १ | रु. १० लाख सम्मका घर/संरचना | १२० | |
| २ | रु. १० लाख १ रुपैयाँ देखि रु.२० लाख सम्मका घर/संरचना (प्रतिलाख) | १५ | |
| ३ | रु. २० लाख १ रुपैयाँ देखि रु.४० लाख सम्मका घर/संरचना (प्रतिलाख) | २० | |
| ४ | रु. ४० लाख १ रुपैयाँ देखि रु.८० लाख सम्मका घर/संरचना (प्रतिलाख) | २५ | |
| ५ | रु. ८० लाख १ रुपैयाँ देखि रु.१ करोड ६० लाख सम्मका घर/संरचना (प्रतिलाख) | ३० | |
| ६ | रु. १ करोड ६० रुपैयाँ लाख १ रुपैयाँ देखि रु.३ करोड सम्मका घर/संरचना (प्रतिलाख) | ३५ | |
| ७ | रु. ३ करोड १ रुपैयाँ देखि माथि घर/संरचना (प्रतिलाख) | ४० | |

- सम्पति कर संरचना मात्र लाग्नेछ ।
- सार्वजनिक तथा सरकारी स्वामित्वको संरचना सम्पति कर लाग्ने छैन ।
- सम्पति कर तथा भुमिकर/मालपोत कर संकलनको लागि जग्गा र संरचनाको न्युनतम मुल्याङ्कन तपसिल बमोजिम रहनेछ ।

**आ.व. २०८३/०८४ को मंगला गाउँपालिका क्षेत्र भित्रको न्युनतमन जग्गा मुल्याङ्कन दर**

**वडा नं. १(साविक कुहुँ गा.वि.स. वडा नं १-८)**

**मोटरबाटोले नछोएको जग्गाको हकमाः**

| सि.नं. | जग्गाको किसिम | न्युनतम मुल्य (प्रति रोपनी)रुः |
|---|---|---|
| १ | अब्बल खेत | ३६३०० |
| २ | दोयम खेत प्रति | ३०२५० |
| ३ | सिम खेत प्रति | २४२०० |
| ४ | चाहार खेत | १८१५० |
| ५ | अब्बल बारी | २४२०० |
| ६ | दोयम बारी. | २०५७० |
| ७ | सिम बारी | १४५२० |
| ८ | चाहार बारी | १२१०० |

**मोटरबाटोले छोएको जग्गाको हकमाः**

| सि.नं. | बाटो/जग्गाको विवरण | मोटरबाटो दायाँबायाँको घडेरी योग्य जग्गा (प्रति रोपनी) रु. |
|---|---|---|
| १ | साविक कुहुँ गा.वि.स को टोड्के देखि पुर्णगाउँ डडुवा हुदै पुलाचौर सिमाना सम्म मोटरबाटो दायाँबायाँ | ६६६००० |
| २ | सिम,कोत्रबाङ,खुम्लिया,पैयुपाटा,तुसारेपानी,कुहुँ,पुर्णगाउँ हुदै टोड्के जाने बाटो | ४००००० |
| ३ | ताराखेत,सल्यान,भर्जुला,थाईवाङ हुदै हिदि जोड्ने मोटरबाटो | ४००००० |
| ४ | तिलखेत चोक देखि न्यालेखोर,धनुमारे,हर्कपले,काउले हुदै राम्चे जोड्ने मोटरबाटो | २००००० |
| ५ | जुगेपानी चोक देखि उपल्लो तुसारेपानी ओखरा कमलजैसी चोक जोड्ने मोटरबाटो | २००००० |
| ६ | कुहुँ चौरपानी चोक हुदै महभिर जोड्ने मोटरबाटो | ३००००० |
| ७ | माईथान चोक देखी भिरकटेरा हुदै टोड्के जोड्ने मोटरवाटो | १८०००० |
| ८ | सम्मेनी देखी रातोमटा मजुवा खानी गाउ हुदै कुकुरबिसौना जोड्ने मोटरबाटो | १८०००० |
| ९ | खानिगाउँ मिलनचोक देखी घडेरी हुदै डिम्रेनी जोड्ने मोटरबाटो | १८०००० |
| १० | अनबाङ मजुवा हुदै चौरपानी जोड्ने मोटरबाटो | १८०००० |
| ११ | रातोमाटा अयरपानी ढिकुरा हुदै गाडापानी जोड्ने मोटरबाटो | १८०००० |
| १२ | पुछारटोल चोक देखी चिसापानी गैराघर चोकसम्म मोटरबाटो | २००००० |
| १३ | आचार्य चोक देखि बराहथान लाल युवा क्लब खेलमैदान चोक सम्म मोटरबाटो | १८०००० |
| १४ | चिसापानी स्कुल चोक देखी दमाहाढुङ्गा हुदै लुक्का खर्क जोड्ने मोटरबाटो | १५०००० |
| १५ | लिसेपानी चोक देखि तिलगहारा जोड्ने मोटरबाटो | १५०००० |
| १६ | भर्जुला स्कुल मुनी चोक देखी आबाङ हुदै भाईवाङ खोला जोड्ने मोटरबाटो | २००००० |
| १७ | किरन डाँडाँ चोक देखि कोलढुङ्गा जोड्ने मोटरबाटो | १८०००० |
| १८ | नारायण थान देखी घारखर्क जोड्ने मोटरवाटो | १८०००० |

| सि.नं. | बाटो/जग्गाको विवरण | मोटरबाटो दायाँबायाँको घडेरी योग्य जग्गा (प्रति रोपनी) रु. |
|---|---|---|
| १९ | तुसारेपानी चोक देखि जुगेपानी हुदै थाईवाङ चोक जोड्ने मोटरबाटो | २००००० |
| २० | हर्कपले धारापानी पैयुपाटा जोड्ने मोटरबाटो दायाँबायाँ रहेको जग्गा | २००००० |
| २१ | भर्जुला काउले मोटरबाटो दायाँबाँया | २००००० |
| २२ | चिसापानी चोक डिम्रेनी गैरिश्वारा जोड्ने मोटरबाटो दायाँबायाँ रहेको जग्गा | १८०००० |
| २३ | गोरेठा सिमपानी मोटरबाटो | २००००० |

## वडा नं २(साविक बाबियाचौर १-९, कुहुँ ९ र दरबाङ ४)

**मोटरबाटोले छोएको जग्गाको हकमाः**

| सि.नं. | जग्गाको विवरण | मोटरबाटको दायाँबायाको घडेरीयोग्य जग्गा (भिर पाखो बाहेक) प्रति रोपनी रुः |
|---|---|---|
| १ | साविक कुहुँ ९ मा पर्ने मोटरबाटो दायाँबाया | ६६६००० |
| २ | साविक दरबाङ ४ मा पर्ने मोटरबाटोको दायाँबायाँ | ३६३००० |
| ३ | साविक बाबियाचौर गा.वि.स अन्तर्गत सिलचौरको पुल को मुखदेखि पुरानो बाटो हुदै नयाँ मोटरबाटो जोडिन ठाँउसम्म | १६५२००० |
| ४ | फापरखेत पहिरो काटेपाछि सिमलचौरको सुरु देखि अन्त्य सम्मको मोटरबाटो दायाँबायाँ | २९३५००० |
| ५ | साविक बाबियाचौर गा.वि.स अन्तर्गत सिम देखि ताराखेत हुदै साझा संस्थाको भवनसम्म | २२८७००० |
| ६ | बाबियाचौर साझा संस्थाको भवन देखि बाबियाचौर पुरानो बजार तथा मोटरबाटोको दायाँबायाँ | ३३३३००० |
| ७ | बाबियाचौर ढौडेखोल्सा देखि लाम्पाटा रणबाङ शहश्रधारा सम्मको मोटरबाटोको दायाँबायाँ | २३३८००० |
| ८ | कोत्रबाङ गाउँमा मोटरबाटो दायाँबायाँ भएको जग्गा | २२००००० |
| ९ | डौंडेखोला देखि दुखु खोला सम्मको मोटरबाटोको दायाँवायाँ भएको जग्गा | २२००००० |

| सि.नं. | जग्गाको विवरण | मोटरबाटको दायाँबायाको घडेरीयोग्य जग्गा (भिर पाखो बाहेक) प्रति रोपनी रुः |
|---|---|---|
| १० | मंगला-२ को सल्यान, भाइवाङ, खुम्लिया, कोटडाँडाँ, न्यालेखोर, आम्बोट क्षेत्रमा शाखा मोटरबाटो भएको दायाँवायाँ भएको जग्गा | ४००००० |
| ११ | मंगला-२ को लरेनी, दरुङ, कुकुरबिसौना, तल्लो डडुवा, चुनारे मिठौला क्षेत्रको मोटरबाटो दायाँबायाँ भएको जग्गा | ३५०००० |
| १२ | काफलचौर,उपल्लो लाम्पाटा,अल्काचौर क्षेत्रको मोटरबाटो दायाँबायाँ को जग्गा | ७५०००० |
| १३ | धुलेगौडा सहस्रधारा मोटरबाटो | ७५०००० |
| १४ | सेरा मोटरबाटो | ७५०००० |
| १५ | शान्तिचोक मगर संघ मोटरबाटो | १०००००० |
| १६ | लाम्पाटा मंगला शिक्षा क्याम्पस मोटरबाटो | १०००००० |
| १७ | रणवाङ स्वास्थ्य चौकी हुदै खरबारी सम्मको सडक | ६००००० |
| १८ | खात्रुङखोला मझ्याङ मोटरबाटो | १५०००० |

**मोटरबाटोले नछोएको जग्गाको हकमाः**

| सि.नं. | जग्गाको किसिम | न्यूनतम मुल्याङ्कन रकम (प्रति रोपनी रू.) |
|---|---|---|
| १ | साविक बाबियाचौर गा.वि.स वडा नं १ मा रहेको अब्बल खेत | ५८०८० |
| २ | साविक बाबियाचौर गा.वि.स वडा नं १ मा रहेको दोयम खेत | ५०८२० |
| ३ | साविक बाबियाचौर गा.वि.स वडा नं १ मा रहेको सिम खेत | ४३५६० |
| ४ | साविक बाबियाचौर गा.वि.स वडा नं १ मा रहेको चाहार खैत | ३८७२० |
| ५ | साविक बाबियाचौर गा.वि.स वडा नं १ मा रहेको अब्बल बारी | ४३५६० |
| ६ | साविक बाबियाचौर गा.वि.स वडा नं १ मा रहेको दोयम बारी | ३६३०० |
| ७ | साविक बाबियाचौर गा.वि.स वडा नं १ मा रहेको सिम बारी | ३०२५० |
| ८ | साविक बाबियाचौर गा.वि.स वडा नं १ मा रहेको चाहर बारी | २६६२० |
| ९ | साविक बाबियाचौर गा.वि.स वडा २ मा रहेको अब्बल खेत | १३३१०० |
| १० | साविक बाबियाचौर गा.वि.स वडा २ मा रहेको दोयम खेत | १२१००० |
| ११ | साविक बाबियाचौर गा.वि.स वडा २ मा रहेको सिम खेत | १०२८५० |
| १२ | साविक बाबियाचौर गा.वि.स वडा २ मा रहेको चाहार खेत | ७९८६० |
| १३ | साविक बाबियाचौर गा.वि.स वडा २ मा रहेको अब्बल बारी | ७२६०० |
| १४ | साविक बाबियाचौर गा.वि.स वडा २ मा रहेको दोयम बारी | ६०५०० |

| सि.नं. | जग्गाको किसिम | न्यूनतम मुल्याङ्कन रकम (प्रति रोपनी रू.) |
|---|---|---|
| १५ | साविक बाबियाचौर गा.वि.स वडा २ मा रहेको सिम खेत | ४८४०० |
| १६ | साविक बाबियाचौर गा.वि.स वडा २ मा रहेको चाहार बारी | १५७३० |
| १७ | साविक बाबियाचौर गा.बि.स को वडा ३-७ को अब्बल खेत | १३३१०० |
| १८ | साविक बाबियाचौर गा.बि.स को वडा ३-७ को दोयम खेत | १३३१०० |
| १९ | साविक बाबियाचौर गा.बि.स को वडा ३-७ को सिम खेत | १३३१०० |
| २० | साविक बाबियाचौर गा.बि.स को वडा ३-७ को चाहार खेत | १३३१०० |
| २१ | साविक बाबियाचौर गा.बि.स को वडा ३-७को अब्बल बारी | ४८४०० |
| २२ | साविक बाबियाचौर गा.बि.स को वडा ३-७ को दोयम बारी | ४२३५० |
| २३ | साविक बाबियाचौर गा.बि.स को वडा ३-७ को सिम बारी | ४२३५० |
| २४ | साविक बाबियाचौर गा.बि.स को वडा ३-७ को चाहार बारी | ४२३५० |
| २५ | साबिक बाबियाचौर गा.वि.स वडा नं ८ मा रहेको अब्बल खेत | २१७८०० |
| २६ | साबिक बाबियाचौर गा.वि.स वडा नं ८ मा रहेको दोयम खेत | १७५४५० |
| २७ | साबिक बाबियाचौर गा.वि.स वडा नं ८ मा रहेको सिम खेत | १५९७२० |
| २८ | साबिक बाबियाचौर गा.वि.स वडा नं ८ मा रहेको चाहार खेत | १४५२०० |
| २९ | साबिक बाबियाचौर गा.वि.स वडा नं ८ मा रहेको अब्बल बारी | १३३१०० |
| ३० | साबिक बाबियाचौर गा.वि.स वडा नं ८ मा रहेको दोयम बारी | १३३१०० |
| ३१ | साबिक बाबियाचौर गा.वि.स वडा नं ८ मा रहेको सिम बारी | १०२८५० |
| ३२ | साबिक बाबियाचौर गा.वि.स वडा नं ८ मा रहेको चाहार बारी | ३९७५० |
| ३३ | साविक बाबियाचौर गा.वि.स वडा नं ९ मा रहेको अब्बल खेत | ४३५६० |
| ३४ | साविक बाबियाचौर गा.वि.स वडा नं ९ मा रहेको दोयम खेत | ३६३०० |
| ३५ | साविक बाबियाचौर गा.वि.स वडा नं ९ मा रहेको सिम खेत | ३०२५० |
| ३६ | साविक बाबियाचौर गा.वि.स वडा नं ९ मा रहेको चाहार खेत | २४२०० |
| ३७ | साविक बाबियाचौर गा.वि.स वडा नं ९ मा रहेको अब्बले बारी | ३६३०० |
| ३८ | साविक बाबियाचौर गा.वि.स वडा नं ९ मा रहेको दोयम बारी | ३०२५० |
| ३९ | साविक बाबियाचौर गा.वि.स वडा नं ९ मा रहेको सिम बारी | २४२०० |
| ४० | साविक बाबियाचौर गा.वि.स वडा नं ९ मा रहेको चाहार बारी | १६५०० |
| ४१ | साविक कुहु गा.वि.स वडा नं ९ मा रहेको अब्बल खेत | ३६३०० |
| ४२ | साविक कुहु गा.वि.स वडा नं ९ मा रहेको दोयम खेत | ३०२५० |
| ४३ | साविक कुहु गा.वि.स वडा नं ९ मा रहेको सिम खेत | २४२०० |
| ४४ | साविक कुहु गा.वि.स वडा नं ९ मा रहेको चाहार खेत | १८१५० |

| सि.नं. | जग्गाको किसिम | न्यूनतम मुल्याङ्कन रकम (प्रति रोपनी रू.) |
|---|---|---|
| ४५ | साविक कुहु गा.वि.स वडा नं ९ मा रहेको अब्बल बारी | २४२०० |
| ४६ | साविक कुहु गा.वि.स वडा नं ९ मा रहेको दोयम बारी | २०५७० |
| ४७ | साविक कुहु गा.वि.स वडा नं ९ मा रहेको सिम बारी | १४५२० |
| ४८ | साविक कुहु गा.वि.स वडा नं ९ मा रहेको चाहार बारी | १२१०० |
| ४९ | साविक दरवाङ ४ मा रहेको अब्बल खेत | ८७१२० |
| ५० | साबिक दरबाङ ४ मा रहेको दोयम खेत | ७२६०० |
| ५१ | साबिक दरबाङ ४ मा रहेको सिम खेत | ६०५०० |
| ५२ | साबिक दरबाङ ४ मा रहेको चाहार खेत | ४८४०० |
| ५३ | साबिक दरबाङ ४ मा रहेको अब्बल बारी | ६०५०० |
| ५४ | साबिक दरबाङ ४ मा रहेको दोयम बारी | ४८४०० |
| ५५ | साबिक दरबाङ ४ मा रहेको सिम बारी | ४२३५० |
| ५६ | साबिक दरबाङ ४ मा रहेको चाहार बारी | ३६३०० |

**वडा नं ३(साविक बरंजा १-६)**

**मोटरबाटोले छोएको जग्गाको हकमाः**

| सि.नं. | सडक/जग्गाको विवरण | मोटरबाटो दायाँबायाँको घडेरी योग्य जग्गा भिर पाखो बाहेक (प्रति रोपनी) रु. |
|---|---|---|
| १ | साविक बरंजा गाविस. वडा नं र मा तातोपानी पुलको मुखदेखि पखेर हुदै सिमलचौरको पुलसम्मको बाटोको दायाँबायाँ | ७६३००० |
| २ | ज्यामरुककोट बगरफाँट हुदै बरंजा जाने मोटरबाटोको दायाँबायाँ | ८००००० |
| ३ | पखेर सातबिसे जाने सडकको मोटरबाटोले छुने दायाँबायाँको जग्गा | ७६३००० |
| ४ | पिङ्गे,खर्क,आर्भाङ,बाहुनपँधेरा सडकले छुने दायाँबायाँको जग्गा | ७००००० |
| ५ | पखेर पक्की पुल देखि गाउँ माथि झाक्रिथा खोल्सा सम्म | ७६३००० |
| ६ | सिमलचौर पुल्चोक देखि तल्लो बाद्रे हुदै उपल्लो बान्द्रे सम्म | ४००००० |
| ७ | सातबिसे भोर्लेनि खोलादेखि स्कुल सम्मको मोटरबाटो | १०००००० |
| ८ | जोगिथुम मोटरबाटो दायाँबायाँ | १५०००० |
| ९ | कस्केरि सातबिसे मोटरबाटो | ६००००० |
| १० | ज्यामिरे तोरिडाँडाँ खुरकूरे हाँसेडाँडा खर्सुपानी मोटरबाटो | २५०००० |

| सि.नं. | सडक/जग्गाको विवरण | मोटरबाटो दायाँबायाँको घडेरी योग्य जग्गा भिर पाखो बाहेक (प्रति रोपनी) रु. |
|---|---|---|
| ११ | ३ नं वडा कार्यालदेखि उत्तिम सम्म | ५00000 |
| १२ | उत्तिम देखि खानी गाँउ घाम्टाङ मोटरबाटो | ४00000 |
| १३ | चिमखोला देखि खानिगाँउ गैरा सम्मको सडक | ३00000 |
| १४ | झाक्रिपानी र कागलग गाँउमा मोटरवाटो दायाँबायाँ | ३00000 |
| १५ | लुचा देखि राखोर गाउँमा मोटरबाटो दायाँबायाँ | १00000 |
| १६ | नयाँ गाँउ विस्मर मोटरबाटो | २00000 |
| १७ | नयाँ गाँउ टोडके मोटरबाटो | १00000 |
| १८ | घाम्टांङ उलेना मोटरबाटो | ४00000 |
| १९ | एकपाटे टटुवा बनाहा वाखु टुनिबोबोट सडक | ३00000 |
| २० | प्याला दह मौरेनि नैदि सडक | ४00000 |
| २१ | साम्टुङ वाँखु सडक | ३00000 |
| २२ | पिंङगे टुनिबोट सडक | ३00000 |
| २३ | न्यु स्टार युवाक्लब चोकदेखि हाँसेडाँडा आर्कुटि सम्मको सडक | ३00000 |
| २४ | आलडाँडाँ तोरिडाँडा सडक | २00000 |
| २५ | खुर्खुरे वलबिसौना सडक | २00000 |
| २६ | सिम्ले रानिबास सडक | २00000 |
| २७ | ज्यामिरे सिम्ले सडक | २00000 |
| २८ | आर्भाङ सकिलडाँडा सडक | ४00000 |
| २९ | भेडाबारी सडक | ४00000 |
| ३० | आलडाँडाँ टुनिबोट सडक | १५0000 |
| ३१ | आलडाँडा केचलिगैरा तोरिडाँडा सडक | २00000 |
| ३२ | भोर्लेनि गाँउको सडक | १00000 |

**मोटरबाटोले नछोएको जग्गाको हकमाः**

| सि.नं. | जग्गाको किसिम | न्युनतम मुल्य (प्रति रोपनी)रुः |
|---|---|---|
| १ | अब्बल खेत | ४३५६० |
| २ | दोयम खेत | ३६३०० |
| ३ | सिम खेत | ३०२५० |
| ४ | चहार खेत | २४२०० |
| ५ | अब्बल बारी | ३०२५० |

| सि.नं. | जग्गाको किसिम | न्युनतम मुल्य (प्रति रोपनी)रुः |
|---|---|---|
| ६ | दोयम बारी | २४२०० |
| ७ | सिम बारी | १८१५० |
| ८ | चहार बारी | १४५२० |

**वडा नं ४(साविक बरंजा ७-९)**

| सि.नं. | सडक/जग्गाको विवरण | मोटरबाटो दायाँबायाँको घडेरी योग्य जग्गा भिर पाखो बाहेक (प्रति रोपनी) रु. |
|---|---|---|
| १ | थर्पु दुर्दिको मोटरबाटो दायाँबायाँ | ६००००० |
| २ | मोहनखोल्सा थर्पु मोटरबाटो | ६००००० |
| ३ | थर्पु सोलधारा दुर्दि मोटरबाटो | ४००००० |
| ४ | मोहनखोल्सा उदेलि बुकेनि मोटरबाटो | ४००००० |
| ५ | बुकेनि महेश धापुंङ मोटरबाटो | ५००००० |
| ६ | दह मोहनखोल्सा मोटरबाटो | ४००००० |
| ७ | ४ नं वडा कार्यालय देखि उपल्लो बुकेनि मोटरबाटो | ३००००० |
| ८ | उपल्लो बुकेनि सोलधारा मोटरबाटो | २००००० |
| ९ | सिर्सन्ने लोहोचे मोटरबाटो | २००००० |
| १० | मोहनखोल्सा अर्भल्याङ मोटरबाटो | ५००००० |
| ११ | उदेलि करप सोल्धारा मोटरवाटो | २००००० |
| १२ | अरनिको आ.वि हुदै मुसुङ जाने बाटो | २००००० |
| १३ | बाटोघरे घुति देखि तल्लो फम्दी मोटरबाटो | २००००० |

**मोटरबाटोले नछोएको जग्गाको हकमाः**

| सि.नं. | जग्गाको किसिम | न्युनतम मुल्य (प्रति रोपनी)रुः |
|---|---|---|
| १ | अब्बल खेत | ४३५६० |
| २ | दोयम खेत | ३६३०० |
| ३ | सिम खेत | ३०२५० |
| ४ | चहार खेत | २४२०० |
| ५ | अब्बल बारी | ३०२५० |
| ६ | दोयम बारी | २४२०० |
| ७ | सिम बारी | १८१५० |
| ८ | चहार बारी | १४५२० |

## वडा नं. ५(साविक अर्मन गा.वि.स.)

**मोटरबाटोले छोएको जग्गाको हकमाः**

| सि.नं. | सडक/जग्गाको विवरण | मोटरबाटो दायाँबायाँको घडेरी योग्य जग्गा भिर पाखो बाहेक (प्रति रोपनी) रु. |
|---|---|---|
| १ | साविक अर्मन गा.वि.स मा पर्ने मोटरबाटो दायाँबायाँ | ६०५००० |
| २ | साविक अर्मन गा.वि.स मा पर्ने शाखा मोटरबाटो दायाँबायाँ | ३६३००० |

**मोटरबाटोले नछोएको जग्गाको हकमाः**

**साविक अर्नम गा.वि.स. १,२,७-९ वडा**

| सि.नं. | खेत तर्फ | बारी तर्फ |
|---|---|---|
| १ | अब्बल (प्रति रोपनी) रु. ४३५६० | अब्बल (प्रति रोपनी) रु. ३६३०० |
| २ | दोयम (प्रति रोपनी) रु. ३६३०० | दोयम (प्रति रोपनी) रु. ३०२५० |
| ३ | सिम (प्रति रोपनी) रु. ३०२५० | सिम (प्रति रोपनी) रु. २४२०० |
| ४ | चाहार (प्रति रोपनी) रु. २४२०० | चाहार (प्रति रोपनी) रु. १८१५० |

**साविक अर्नम गा.वि.स. ३-६ वडा**

| सि.नं. | खेत तर्फ | बारी तर्फ |
|---|---|---|
| १ | अब्बल (प्रति रोपनी) रु. ६०५०० | अब्बल (प्रति रोपनी) रु. ३६३०० |
| २ | दोयम (प्रति रोपनी) रु. ४८४०० | दोयम (प्रति रोपनी) रु. ३०२५० |
| ३ | सिम (प्रति रोपनी) रु. ४२३५० | सिम (प्रति रोपनी) रु. २४२०० |
| ४ | चाहार (प्रति रोपनी) रु. ३६३०० | चाहार (प्रति रोपनी) रु. १८१५० |

**सम्पति कर असुल गर्दा घर टहराको संरचना तर्फको मूल्याङ्कन**

| सि.नं. | विवरण | मूल्य प्रति (स्क्वायर) वर्ग फिट |
|---|---|---|
| १ | आरसिसि भवन तर्फ | १८०० |
| २ | सिमेन्ट जोडाइमा इट्टा वा ढुङ्गाको गारो आरसिसि छानो | १३०० |
| ३ | सिमेन्ट जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायल | ८०० |
| ४ | माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो आरसिसि वा ढुङ्गाको छानो | ५०० |
| ५ | माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायल सेड वा कच्ची घर | ४०० |
| ६ | स्टील सेक्सन आइ विम प्रयोग गरी आरसिसि सहितको भवन | १६०० |

## सम्पति कर तथा भुमिकर संकलन/ गणणको लागि जग्गा तथा संरचनाको विवरण स्वघोषणा पत्र

श्री ...... नं वडा कार्यालय/मंगला गाउँपालिका
बाबियाचौर, म्याग्दी।

बिषयः सम्पति कर गणनाको लागि संरचना विवरण स्वघोषणा सम्बन्धमा।

प्रस्तुत बिषयमा मंगला गाउँपालिकामा सम्पति कर तिर्ने प्रयोजनार्थ म/मेरो...........................को स्वामित्वमा रहेको घर/संरचनाको विवरण तपसिल बमोजिम रहेको व्यहोरा स्वघोषणा गर्दछु।झुट्टा ठहरिए कानुन बमोजिम सहुँला/बुझाँउला ।

तपसिलः

१. जग्गा/घर/संरचना धनिको नाम/थर.................................. नागरिकता नंः

२. ठेगानाः..............................................

३.जग्गा धनिको नाम मा रहेका जम्मा कित्ताः

४. सडकसंग जोडिएका घडेरीयोग्य जग्गा/ कित्ताः

५.सडक संग नजोडिएका जग्गा/कित्ताः ६.भवन संख्या/घर संख्याः................

७. सडक संग जोडिएका तर घडेरी योग्य नभएका जग्गा/कित्ता

८. संरचनाको किसिम

- आरसिसि भवन
- माटोको जोडाईमा इटा वा ढुङ्गाको गाह्रो,आरसिसि वा ढुङगाको छानो ।
- माटोको जोडाईमा ईटा वा ढुंगाको गाह्रो,जस्ता,टाएल सेड वा अस्थायी घर ।
- स्टिल सेक्सन/टाई विम प्रयोग गरी आरसिसि सहितको छानो ।
- सिमेन्ट जोडाईमा ईटा वा ढुङगाको गाह्रो,आरसिसि छानो ।
- सिमेन्ट जोडाईमा ईटा वा ढुंगाको गाह्रो,जस्ता/टाएल छानो ।

९. तल्लाको संख्याः................

१०. संरचानाको भुईको क्षेत्रफलः...........................

११. संरचनाको तल्लाको क्षेत्रफलः

- पहिलो तल्लाः
- दोस्रो तल्लाः
- तेस्रो तलाः

१२.संरचना निर्माण मितिः

स्वघोषणा गर्नेको
दस्तखतः
नाम/थरः
ठेगानाः
सम्पर्क नं.:
मितिः

| दायाँ | बायाँ |
|---|---|
| | |

अनुसूची-२

ऐनको दफा ३ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**भूमि कर (मालपोत)**

| क्र.सं | क्षेत्रफलको सिमा | खेत | | | | बारी | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चाहार | अब्बल | दोयम | सिम | चाहार |
| १ | खेतमा ३ र बारीमा ५ रोपनी सम्म | ५० | ४० | ३० | २० | ४० | ३० | २० | १० |
| २ | प्रति रोपनी थप | १० | १० | ५ | ५ | ५ | ५ | ५ | ५ |

- एक आ.व. सम्मको २५ प्रतिशत, दुई आ.व. सम्मको ५० प्रतिशत र सो भन्दा माथिको १०० प्रतिशत चालु आ.व.को कुल तिर्नु पर्ने भूमिकर/मालपोत र सम्पति करको रकममा जरिवाना लाग्नेछ ।

अनुसूची-३

ऐनको दफा ४ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**घर/जग्गा बहाल कर**

| सि.नं. | विवरण | मासिक दर |
|---|---|---|
| १ | घर बहाल कर (बहाल रकमको) | १० प्रतिशत |
| २ | जग्गा बहाल कर (बहाल रकमको) | १० प्रतिशत |

- गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा बहाल रकमको १०% का दरले घर जग्गा बहाल कर संकलन गरिने छ । घर/जग्गा बहाल कर बुझाँउदा करदाताले बहाल सम्झौता पेश गर्नुपर्नेछ।

अनुसूची-४

ऐनको दफा ५ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**व्यवसाय कर**

१. व्यवसाय दर्ता शुल्क रु. २०००

| क्र.सं. | व्यवसायको विवरण | व्यवसाय नविकरण/व्यवसाय कर रु. (वार्षिक) |
|---|---|---|
| **१** | **आर्थिक कारोवार गर्ने वित्तिय /बिमा कम्पनी** | |
| १.१ | आर्थिक कारोवार गर्ने वित्तिय /बिमा कम्पनी को मुख्य कार्यालय | १५००० |
| १.२ | आर्थिक कारोवार गर्ने वित्तिय /बिमा कम्पनी को सहायक कार्यालय | ७००० |
| १.३ | विमा कम्पनी | ७००० |
| **२** | **कुटानी पिसानी मिल** | |
| २.१ | कुटानी पिसानी मिल व्यवसायीक | १००० |
| **३** | **कुरियर सेवा/साईवर सेवा** | |
| ३.१ | कुरियर सेवा/साईवर सेवा | १००० |
| ३.२ | निजि टेलिफोन तथा ईमेल ईन्टरनेट,प्रिन्टिङ,फोटोकपी सेवा | १००० |
| **४** | **कृषि तथा पशुपंक्षी जन्य फर्म हरु** | ५०० |
| **५** | **डिपार्टमेन्टल स्टोर्स** | |
| ५.१ | सबै प्रकारको डिपार्टमेन्टल स्टोर्स | १५०० |
| **६** | **डिलरसिप सबै प्रकारका** | २५०० |
| **७** | **निजि क्षेत्रका शैक्षिक संस्था** | |
| ७.१ | निजि क्षेत्रका आधारभुत स्कुल | १५०० |
| ७.२ | निजि क्षेत्रका पुर्व प्रा।वि स्कुल | १००० |
| ७.३ | निजि क्षेत्रका माध्यामिक स्कुल(१ देखि १० सम्म) | २५०० |
| ७.४ | निजि क्षेत्रका माध्यमिक स्कुल(१ देखि १२ सम्म) | ३५०० |
| ७.५ | निजि क्षेत्रबाट सञ्चालित होस्टेलहरु | १५०० |
| ७.६ | निजि क्षेत्रबाट सञ्चालित प्राविधिक शिक्षालय | १५०० |
| **८** | **परामर्श सेवा** | |
| ८.१ | अनुवादक सेवा | ५०० |

| क्र.सं. | व्यवसायको विवरण | व्यवसाय नविकरण/व्यवसाय कर रु. (वार्षिक) |
|---|---|---|
| ८.२ | अनुशन्धान कर्ता तथा परामर्शदत्ता | २००० |
| ८.३ | ईन्जिनियरिङ सेवा | २५०० |
| ८.४ | टाइपिङ्ग कम्प्युटर तथा भाषा प्रशिक्षण केन्द्र सेवा | १५०० |
| ८.५ | तालिम तथा अनुसन्धान केन्द्र | १५०० |
| ८.६ | विशेशज्ञ परामर्श तथा अन्य व्यवसायीक सेवा/कानुनी व्यवसाय | २००० |
| ८.७ | सार्वजनिक परिवहन सेवासर्भेअर सेवा / | १५०० |
| ८.८ | नोटरी पव्लिक सेवा | २००० |
| **९** | **फ्रेस हाउस** | **१०००** |
| **१०** | **मनोरञ्जन व्यवसाय(चलचित्र/भिडियोग्राफि)** | **१५००** |
| **११** | **लेखा परिक्षण सेवा** | |
| ११.१ | लेखा परिक्षण सेवा (क वर्ग) | १८०० |
| ११.२ | लेखा परिक्षण सेवा (ख वर्ग) | १३०० |
| ११.३ | लेखा परिक्षण सेवा (ग वर्ग) | ८०० |
| ११.४ | लेखा परिक्षण सेवा (घ वर्ग) | ५०० |
| **१२** | **विद्युति सामान बिक्रि तथा मर्मत** | |
| १२.१ | ईलेक्ट्रोनिक्स पसल | १५०० |
| १२.२ | कम्प्युटर एनालुष्ट तथा प्रोगामर | १००० |
| १२.३ | कम्प्युटर,विद्युत समान,क्यामरा, टेलिभिजन, रेडियो विक्री तथा मर्मत | १००० |
| १२.४ | मोवाईल फोन विक्री तथा मर्मत सेवा | १००० |
| **१३** | **विदेशी मुद्रा सतही/मनी ट्रान्सफर** | **१५००** |
| **१४** | **विभिन्न प्रकारका उद्योगहरू** | |
| १४.१ | ईट्टा उद्योग (चिमनी भट्टा) | २००० |
| १४.२ | ईट्टा उद्योग (साधारण भट्टा) | १००० |
| १४.३ | मेटल ग्रिल उद्योग | २००० |
| १४.४ | सिमेन्ट ,ब्लक उद्योग | २००० |
| १४.५ | सिरक डसना तथा कपास प्रशोधन उद्योग | १००० |
| १४.६ | पाउरोटि/बेकरी उद्योग | १००० |
| १४.७ | क्रसर उद्योग | ३००० |
| १४.८ | फर्निचर उद्योग | १००० |

| क्र.सं. | व्यवसायको विवरण | व्यवसाय नविकरण/व्यवसाय कर रु. (वार्षिक) |
|---|---|---|
| **१५** | **सबै प्रकारका ओषधि जन्य सेवाहरू** | |
| १५.१ | औषधी पसल खुद्रा (जन स्वास्थ्य/आयुर्वेदिक) | १५०० |
| १५.२ | औषधी पसल थोक (जन स्वास्थ्य/आयुर्वेदिक) | २५०० |
| १५.३ | कबिराज सेवा /आयुर्वेद | १५०० |
| १५.४ | गैर सरकारी /सामुदायीक /नर्सिङ्ग होम/ ल्याब तथा क्लिनिक / होमियाेप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक / अस्पताल | २००० |
| १५.५ | दन्त चिकित्सक रिसर्च | २००० |
| १५.६ | पशु चिकित्सक रिसर्च | २००० |
| १५.७ | सबै प्रकारका भेटेरिनरी पसल/एग्रो | १५०० |
| **१६** | **सबै प्रकारका पसलहरू** | |
| १६.१ | जडिबुटि पसल | १५०० |
| १६.२ | कस्मेटिक पसल | १००० |
| १६.३ | किराना पसल (रु.तीन लाख भन्दा माथी पुँजी लगानी ) | १५०० |
| १६.४ | जुत्ता चप्पल विक्री पसल | १००० |
| १६.५ | जुता चप्पल सिलाई तथा बिक्री पसल | १५०० |
| १६.६ | दैनिक उपभोग्य समान (रु. तीन लाख सम्म पुँजी लगानी) | ५०० |
| १६.७ | दैनिक उपभोग्य सामानको थोक विक्रेता | ३००० |
| १६.८ | निर्माण सामाग्री/ हार्डवेयर पसल सबै प्रकारका | ३५०० |
| १६.९ | पशुपंक्षी दाना पसल | १२०० |
| १६.१० | फैन्सी पसल सबै प्रकारका | २००० |
| १६.११ | फलफुल तथा तरकारी पसल (रु.तीन लाख सम्म पुँजी लगानी) | ८०० |
| १६.१२ | ब्युटि पार्लर | १००० |
| १६.१३ | भाँडा पसल | १५०० |
| १६.१४ | मिष्ठान (मिठाइ) पसल | ५०० |
| १६.१५ | स्टेसनरी पसल | १५०० |
| १६.१६ | कस्मेटिक पसल/ब्युटिपार्लर | २००० |
| १६.१७ | दुग्ध डेरी | ५०० |

| क्र.सं. | व्यवसायको विवरण | व्यवसाय नविकरण/व्यवसाय कर रु. (वार्षिक) |
|---|---|---|
| १६.१८ | सुन चाँदि पसल | १५०० |
| **१७** | **साईकल तथा सवारी साधन मर्मत तथा बिक्रि** | |
| १७.१ | मोटरसाईकल मर्मत पसल | २००० |
| १७.२ | सवारी साधन विक्रता | २५०० |
| १७.३ | साईकल पसल | १००० |
| **१८** | **संस्थागत पेन्टर** | **२०००** |
| **१९** | **सामान ढुवानी कर्ता कम्पनी** | **२०००** |
| **२०** | **सिलाई/कटाई** | |
| २०.१ | सिलाई / कटाई गार्मेन्ट | १००० |
| २०.२ | सिलाई / कटाई पसल | ५०० |
| **२१** | **हेयर कटिङ सैलुन** | **१०००** |
| **२२** | **होटल,लज तथा रेष्टुरन्ट,कटेज** | |
| २२.१ | सामान्य चिया खाजा पसल | १००० |
| **२२.२** | होटल ,लज तथा रेष्टुरेन्ट, कटेज | २००० |
| **२३** | **संचार सेवा** | |
| २३.१ | निजि मोबाईल सेवा | २५०० |
| २३.२ | केवल/नेटवर्क | ३५०० |
| **२४** | **बिबिध(माथि समावेश नभएका सबै)** | **१५००** |

अनुसूची-५

ऐनको दफा ६ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**जडीबुटी, कबाडी र जीवजन्तु कर**

| सि.नं. | विवरण | करको दर |
|---|---|---|
| १ | उन | रू. ५।- प्रति के.जी. |
| २ | खोटो | रू. ५।- प्रति के.जी. |
| ३ | बनकपास | रू. ५।- प्रति के.जी. |
| ४ | अलैचि | रु. ५।- प्रति के.जी. |
| ५ | टिमुर | रु. २ प्रति के.जी. |
| ६ | फलफुल बिरुवा | रु . १ प्रति गोटा |
| ७ | अन्य जडिबुटी(प्रतिबन्धित बाहेक) | रु. ५ प्रति के.जी. |
| ८ | कवाडिमाल धातुजन्य (प्रति के.जी) | रु. १ |
| ९ | कवाडिमाल शिशा जन्य (प्रति बोरा) | रु . १ प्रति के.जी. |
| १० | कवाडिमाल प्लास्टिक जन्य | रु . १ प्रति के.जी. |
| ११ | कवाडिमाल अन्य | रु . १ प्रति के.जी. |
| १२ | मृत वा मारिएको जन्तुको हाड,सिङ,प्वाख,छाला आदि(प्रतिबन्धित बाहेक) प्रतिगोटा | रु. २०००।- |
| १३ | चुत्रो जरा | रु . ५ प्रति के.जी |
| १४ | चुत्रो हाँगा | रु. १ प्रति के.जी. |

अनुसूची-६

ऐनको दफा ७ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**विज्ञापन कर**

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाईने व्यापारिक विज्ञापन बोर्ड हरुमा तपसिल बमोजिमको विज्ञापन कर लगाउन सक्नेछ ।

| सि.नं. | विवरण | बार्षिक दर रु. |
|---|---|---|
| १ | विद्युतिय डिजिटल होडिङ बोर्ड (सार्वजनिक र व्यक्तिगत स्थानमा) प्रति वर्ग फिट | १०० |
| २ | फ्लेक्स बोर्ड,फ्लेक्स होडिङ बोर्ड डि.पि.एस तथा पसलम राखिने होर्डिङ बोर्ड गेट (प्रति स्क्वाएर फिट) | २० |
| ३ | वाल पेन्टिङ,सटर पेन्टिङ प्रति स्क्वाएर फिट | २ |

नोटः विज्ञापन करको जरिवानाको हकमा प्रदेश कानुन बमोजिम हुनेछ ।

अनुसूची-७

ऐनको दफा ८ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**मनोरञ्जन कर**

(मेला पर्वमा स्थापित मनोरञ्जन पसल, पिङ, रोटे पिङ लगायत मनोरञ्जनात्मक क्रियाकलाप समेत)

प्रतिदिन रू. १०००/-

नोटः ५ दिन भन्दा बढी कुनै पनि मेला पर्व वापत कार्यक्रम सञ्चालन गर्न नपाईने ।

अनुसूची-८

ऐनको दफा ९ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**बहाल बिटौरी शुल्क**

गाउँपालिका मातहतका सार्वजनिक भवन तथा स्थलहरूमा सेवा लिए वापत शुल्क

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | भवनमा भए | रू. ५००/- प्रति दिन |
| २ | खाली जग्गामा भए | प्रति ५० वर्ग मिटर रू. ५०/- |

दैनिक रुपमा गाउँपालिका मातहतका सार्वजनिक भवन तथा स्थलहरूमा सेवा लिए वापत मासिक रुपमा तोकिएको शुल्कलाई नै आधार मानी दैनिक रुपमा हिसाब गरिनेछ ।

अनुसूची-९

ऐनको दफा १० सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**पार्किङ्ग शुल्क**

गाउँपालिकाले तोकेको स्थानमा पार्किङ्ग गरे वापत लागने शुल्क

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | मोटर साईकल | रू. १०/- प्रति दिन |
| २ | कार, जीप, भ्यान | रू. २०/- प्रति दिन |
| ३ | बस, ट्रक, टयाक्टर | रू. ५०/- प्रति दिन |
| ४ | डोजर, स्काभेटर | रू. १००/- प्रति दिन |

अनुसूची-१०

ऐनको दफा ११ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

प्रस्तावित Rafting शुल्क

मंगला गाउँपालिका क्षेत्र भित्रका नदीमा Rafting गरे वापत प्रति बोट रू. १०००/-

अनुसूची-११

ऐनको दफा १२ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**सेवा शुल्क, दस्तुर**

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| | **सिफारिस दस्तुर** | |
| १ | नागरिकता प्रपाणपत्र एवं प्रतिलिपी सिफारिस | २५० |
| २ | अंग्रेजी माध्यम मा सिफारिस | ५०० |
| ३ | संघ संस्था दर्ता सिफारीस | १००० |
| ४ | संघ संस्था नविकरण सिफारिस | ५०० |
| ५ | अन्य सिफारिस दस्तुर | २५० |
| ६ | अपांग असाहाय जेष्ठ नागरिक परिचयपत्र सिफारिस | निशुल्क |
| ७ | मृत वेवारिसे पशु व्यवस्थापन सिफारिस | निशुल्क |
| ८ | स्वास्थ्य उपचार सिफारिस | निशुल्क |
| ९ | अशक्त असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस | निशुल्क |
| १० | आर्थक अवस्था कमजोर वा विपन्नता सिफारिस | निशुल्क |
| ११ | उपभोक्ता समितिको योजनाका लागि सम्झौता सम्वन्धी सिफारिस | निशुल्क |
| १२ | उपभोक्ता समितिको रनिङ विल माग गर्दाको सिफारिस | निशुल्क |
| १३ | उपभोक्ता समितिको योजनाको अन्तिम रकम भुक्तानी सम्वन्धी सिफारिस | निशुल्क |
| १४ | विभिन्न अनुदान प्रदान सम्वन्धी सिफारिस | निशुल्क |
| १५ | पशुपंक्षी सम्वन्धी प्राविधिक सेवा सिफारिस | निशुल्क |
| १६ | पशुपंक्षी विमा सम्वन्धी सिफारिस | निशुल्क |
| १७ | विपद्जन्य घटना सम्वन्धी सिफारिस | निशुल्क |
| १८ | सामाजिक सरक्षा संग सम्वन्धित खाता खोल्नेवन्द/ गर्ने सिफारिस | निशुल्क |
| १९ | टोल विकास संस्था/ उपभोक्ता समिति वैकं खाता खोल्ने/वन्द गर्ने सिफारिस | निशुल्क |
| २० | गरिब परिवार परिचय पत्र पाएका व्यक्तिको कुनैपनि सिफारिस दस्तुर | निशुल्क |
| २० | नक्सा अभिलेखिकरण निवेदन दस्तुर | निशुल्क |
| | **अन्य सेवा शुल्क/दस्तुर** | |
| १ | सम्पती मुल्यांकन जम्मा रकमको | ०.१% |
| २ | आयस्रोत प्रमाणीत जम्मा रकमको | ०.१% |
| ३ | नाता प्रमाणीत निवेदन दस्तुर सहित(नेपाली) | २५० |
| ४ | नाता प्रमाणीत निवेदन दस्तुर सहित(अंग्रजी) | ५०० |

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| ५ | जन्म मिति प्रमाणित | २५० |
| ६ | विवाह प्रमाणीत तथा अविवाहित प्रमाणित | २५० |
| ७ | घर पाताल प्रमाणीत | २५० |
| ८ | जिवित संगको नाता प्रमाणित | २५० |
| ९ | हकवला वा हकदार प्रमाणित | २५० |
| १० | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक | २५० |
| ११ | चार किल्ला प्रमाणित दस्तुर | २५० |
| १२ | नाम फरक प्रमाणित | २५० |
| १३ | कन्सुलर प्रमाणित नेपाली प्रति पेज | २५० |
| १४ | कन्सुलर प्रमाणित अंग्रेजी प्रति पेज | ५०० |
| १५ | तमसुक प्रमाणित दस्तुर | २५० |
| १६ | अन्य व्यक्तिगत विवरण प्रमाणित | २५० |
| १७ | अन्य विवरण प्रमाणित | २५० |
| १८ | साल्टट्रेडिङ मल विक्रि नविकरण दस्तुर | ५०० |
| १९ | पोके व्यापारी जरिवाना दस्तुर | ५०० |
| २० | सुचना उपलब्ध गराए बापतको रकम | रु. ५ प्रति पेज |
| २१ | विद्यालयका विद्यार्थीको शैक्षिक प्रमाणपत्रको विवरण सच्चाउन | २०० |
| २२ | वेरोजगार व्यक्ति सूचिकरण निवेदन दस्तुर | निशुल्क |
| २३ | न्यायिक समितिमा उजुरी दर्ता दस्तुर | २५० |
| २४ | सामुदायिक विद्यालय लेखापरिक्षणका लागि लेखापरिक्षक निवेदन दस्तुर | १००० |
| | **व्यक्तिगत घट्ना दर्ता दस्तुर** | |
| १ | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | २०० |
| २ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | ५०० |
| | **नक्शा पास (नयाँ निर्माण हुने आरसिसी भवन)** | |
| १ | नक्शा पास निवेदन दस्तुर | २५० |
| २ | आरसीसी ढलान ग्राउण्ड र पहिलो तला प्रति स्क्वायर फिट | ५ |
| ३ | आरसीसी ढलान दोस्रो र तेस्रो तला प्रति स्क्वायर फिट | ६ |
| ४ | आरसीसी ढलान चौथो तला देखि माथि प्रति स्क्वायर फिट | ८ |
| ५ | ढुङ्गा माटोको जडान छानावाला घर निर्माण अनुमति | १००० |
| ६ | छाप्रा टहरा निर्माण अनुमति | ५०० |

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| | **नक्शा अभिलेखिकरण (निर्माण सम्पन्न भै सकेका आरसिसी भवन तर स्थानीय तह बाट नक्शा पास नभएका)** | |
| १ | नक्शा अभिलेखिकरण निवेदन दस्तुर | २५० |
| २ | आरसीसी ढलान ग्राउण्ड र पहिलो तला प्रति स्क्वायर फिट | ३ |
| ३ | आरसीसी ढलान दोस्रो र तेश्रो तला प्रति स्क्वायर फिट | ४ |
| ४ | आरसीसी ढलान चौथो तला देखि माथि प्रति स्क्वायर फिट | ५ |
| | **अस्थायी करार शिक्षक तथा बिद्यालय कर्मचारी अभिलेखिकरण दस्तुर** | |
| १ | विद्यालय कर्मचारी वा सो सरह | ४०० |
| २ | प्रा.वि तहका शिक्षक कर्मचारी वा सो सरह | ६०० |
| ३ | नि.मा.वि तहका तहका शिक्षक कर्मचारी वा सो सरह | ८०० |
| ४ | मा.वि तहका शिक्षक कर्मचारी वा सो सरह | १००० |
| | **घ वर्गको इजाजत पत्र दर्ता, नविकरण, नामसारी, ठाउँसारी र विलम्व शुल्क** | |
| १ | घ वर्गको इजाजत पत्र दर्ता | ६००० |
| २ | घ वर्गको इजाजत पत्र नविकरण | ३००० |
| ३ | घ वर्गको इजाजत पत्र नामसरी र ठाउँसारी | ३००० |
| ४ | घ वर्गको इजाजत पत्र नविकरण बिलम्व शुल्क | २५०० |
| | **सहकारी दर्ता र सेवा शुल्क** | |
| १ | सहकारी दर्ता /सुचिकृत शुल्क | २५०० |
| २ | बहुउद्देशीय/वचत तथा ऋण सहकारी सेवा शुल्क (बार्षिक) | २००० |
| ३ | उत्पादमुलक सहकारी सेवा शुल्क (बार्षिक) | १००० |
| ४ | महिला सहकारी सेवा शुल्क (बार्षिक) | १००० |
| | **ढुङ्गा गिट्टी बालुवा,काठ तथा खानी उद्योगको कटिङ ढुङ्गा लगायतको व्यवसायीक कारोबारमा लाग्ने शुल्क** | |
| १ | वालुवा उत्तखन्न तथा विक्री व्यक्तिगत जग्गा निकासी कर प्रति घन. मि. | ५०० |
| २ | ढुङ्गा उत्तखन्न तथा विक्री व्यक्तिगत जग्गा र भिरपखेरा निकासी कर प्रति घन. मि. | २५० |
| ३ | गिट्टि उत्पादन तथा विक्रि व्यक्तिगत जग्गा प्रति घन मी | ५०० |
| ४ | स्थानीय काठ व्यक्ति र सामुदायिक वन भित्रको निकासी कर प्रति घन मि. | २५० |
| ५ | खानी उद्योगको कटीङ ढुङ्गा निकासी कर प्रति घन मि. | २५० |
| | **परिक्षा शुल्क** | |
| १ | श्रेणीविहिन | ३०० |

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| २ | सहायक स्तर चौंथो | ५०० |
| ३ | सहायक स्तर पाँचौं | ७०० |
| ४ | अधिकृत स्तर | १२०० |
| | **होमस्टे दर्ता तथा नविकरण र विलम्ब शुल्क** | |
| १ | होमस्टे दर्ता | २००० |
| २ | होमस्टे नविकरण | १००० |
| ३ | होमस्टे नविकरण विलम्ब व शुल्क | १००० |
| | **जलश्रोतको उपयोगको अनुमतिपत्र/नविकरण र विलम्व दस्तुर** | |
| १ | खानेपानी मुहान दर्ता निवेदन दस्तुर (घरेलु प्रयोजनको लागि) | १०० |
| २ | खानेपानी मुहान दर्ता दस्तुर (घरेलु प्रयोजनको लागि) | २००० |
| ३ | खानेपानी मुहान नविकरण दस्तुर (घरेलु प्रयोजनको लागि) | ५०० |
| ४ | खानेपानी मुहान नविकरण विलम्व प्रति वर्ष (घरेलु प्रयोजनको लागि) | ५०० |
| ५ | सिंचाई दर्ता निवेदन दस्तुर | १०० |
| ६ | सिंचाई दर्ता दस्तुर | २००० |
| ७ | सिंचाई नविकरण दस्तुर | १००० |
| ८ | सिंचाई नविकरण विलम्व प्रति वर्ष | १००० |
| ९ | जल यातयात दर्ता निवेदन दस्तुर | १०० |
| १० | जल यातयात दर्ता दस्तुर | ५००० |
| ११ | अन्य उपयोग (साना लघुविद्युत आयोजना, अन्य आयोजना) दर्ता निवेदन दस्तुर | १०० |
| १२ | अन्य उपयोग (साना लघुविद्युत आयोजना, अन्य आयोजना) दर्ता दस्तुर | ५००० |

अनुसूची-१२

ऐनको दफा १३ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**पर्यटन शुल्क**

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| १ | मंगला गाउँपालिका भित्र प्रवेश गर्ने विदेशी पर्यटकको लागि | प्रति पटक रू. १००/- |

अनुसूची-१३

ऐनको दफा १४ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**ढुङ्गा, गिट्टी, बालुवा**

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| गण्डकी प्रदेशको आर्थिक ऐन २०८१ बमोजिम हुने | | |

अनुसूची-१४

ऐनको दफा १५ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने

**रोयल्टी**

| सि.नं. | विवरण | दस्तुर |
|---|---|---|
| संघीय र प्रदेश कानुन बमोजिम हुने | | |

अनुसूची-१५

ऐनको दफा १६ सँग सम्बन्धित

मंगला गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सवारी साधन कर

**सवारी साधन कर**

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | अटो रिक्सा दर्ता (सचालन अनुमति दस्तुर) | रु. १०००० |
| २ | अटो रिक्सा दर्ता (सचालन नविकरण दस्तुर) | रु. २००० |
| ३ | अटो रिक्सा नामसारी दस्तुर दस्तुर | रु. ५००० |

**आज्ञाले**

**मदन अर्याल**

**प्रमुख प्रशासकीय अधिकृत**